नेपाल सरकार

# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
# स्वास्थ्य सेवा विभाग

टेकु, काठमाडौं

## बाढी पश्चात् शव व्यवस्थापन तथा वातावरण निसंक्रमण गर्न क्लोरिन घोल निर्माण विधि

हाल नेपालमा आएको विनाशकारी बाढी तथा प्राकृतिक विपद्को सन्दर्भमा, मृत शरीरहरू (शव) राखिएका वा कुहिएका स्थानहरूबाट वातावरणमा सङ्क्रमण फैलिन नदिन, कीटाणुरहित बनाउन तथा दुर्गन्धलाई कम गर्न गर्नका लागि ०.५% क्लोरिन घोल (0.5% Chlorine Solution) को प्रयोग गरी निसंक्रमण (Disinfection) गर्नु अत्यावश्यक हुन्छ।

नेपालको संक्रमण रोकथाम तथा नियन्त्रण (IPC) प्रोटोकल अनुसार सुख्खा ब्लीचिङ पाउडर (Bleaching Powder) बाट ०.५% को क्लोरिन घोल तयार पार्नका लागि देहाय बमोजिमको सूत्र तथा प्रक्रिया पालना गर्नुहोसः

- **प्रयोग गरिने क्लोरिन पाउडरको प्रतिशत (%) जाँच गर्ने।**
- **आवश्यक ब्लीचिङ पाउडरको मात्रा (ग्राम/लिटरमा) निकाल्न तल दिइएको सूत्र प्रयोग गर्नेः**

**ग्राम / लिटर = [ क्लोरीन घोलको प्रतिशत (%) / क्लोरीन पाउडरको प्रतिशत (%) ] * १०००**

<u>उदाहरणः</u>

३५% उपलब्ध क्लोरिन भएको पाउडरबाट ०.५% क्लोरिन घोल १ लिटर पानीका लागि बनाउनु परेमाः

ग्राम / लिटर = [ ०.५ % / ३५ % ] * १०००

= १४.२८ ग्राम (लगभग १४.२ ग्राम १ लिटर पानीका)

**घोल तयार पार्ने तथा प्रयोग गर्ने चरणहरूः**

- चरण १ः प्रति १ लिटर पानीको हिसाबले १४.२ ग्राम ब्लीचिङ पाउडर जोख्ने।
- चरण २ः १ लिटर सफा पानीमा उक्त १४.२ ग्राम पाउडर राम्ररी मिसाउने र केही बेर लेदो थिग्रिन दिने।
- चरण ३ः माथिल्लो सफा घोललाई अर्कै भाँडोमा छानेर/नितारेर निसंक्रमणका लागि प्रयोग गर्ने।
- चरण ४ः मृत शरीर राखिएका, कुहिएका स्थानहरू, भुइँ तथा वरपरको वातावरणमा यो ०.५% क्लोरिन घोल स्प्रे गरी वा पखालेर निसंक्रमण गर्ने।

### सुरक्षा सम्बन्धी ध्यान दिनुपर्ने कुराहरूः

- घोल बनाउँदा तथा छर्कंदा अनिवार्य रूपमा पन्जा (Gloves), मास्क (Mask), र चश्मा (Goggles) जस्ता व्यक्तिगत सुरक्षा सामग्री (PPE) को प्रयोग गर्नुहोस्।
- क्लोरीन घोल तयार पारिएको २४ घण्टाभित्र प्रयोग गरिसक्नु पर्छ।